# नेपाल धितोपत्र बोर्ड
## नियमन तथा व्यवस्थापन विभाग

जावलाखेल, ललितपुर

(प्रथम पटक प्रकाशित मितिः २०७३।०७।२६)

सिलबन्दी दरभाउपत्र नं SEBON/L/०१।२०७३।०७४

# ल्यापटप (Laptop) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान

यस बोर्डको लागि १०(दश) थान ब्राण्डेड ल्यापटप (Laptop) खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले तीन सय रुपैयाँ तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फर्म इजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आधिकारिक विक्रेताको प्रमाणपत्र, मु.अ.क. दर्ताको प्रमाणित प्रतिलिपी, आ.व. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा आ.व. २०७२/०७३ को कर विवरण पेश गरेको कागजात निवेदनसाथ संलग्न राखी यस कार्यालयबाट खरिद गरिएको दरभाउपत्रमा संलग्न स्पेसिफिकेशन बमोजिमको ब्राण्डेड ल्यापटप (Laptop) उपलब्ध गराउन सक्ने दररेट भरी १६ औं दिन दिनको १२.०० बजे भित्र रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम साथ जमानत वापत आफुले कवोल गरेको अंकको २.५ प्रतिशतले हुन आउने रकम यस बोर्डको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको बोर्डको खाता नं. ०१९०१०३००२२९८७ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंकले यस बोर्डको नाममा जारी गरिएको न्युनतम पचहत्तर दिनको मान्य अवधि भएको दरभाउपत्र जमानत संलग्न गर्नु पर्नेछ । यस सूचनामा उल्लेख नभएका विषयहरु दरभाउपत्र सम्बन्धी कागजात र प्रचलित कानुन बमोजिम हुनेछ । साथै विस्तृत जानकारीको लागि बोर्डको सर्म्पक नं ०१-५५४१०५७ मा वा बोर्डको कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।